नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८१/०८२
चलानी नं.:- १२४

मिति:- २०८१/०७/०५
ने.सं. ११४४ कौलागा ४

विषयः- लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपरको कारबाही सम्बन्धमा।

श्री गाउँ/नगरपालिका (पत्रमा उल्लिखित जिल्ला भित्रका सबै),

महालेखापरीक्षकको कार्यालयको प.सं. ०८१/८२, च.नं. २२, मिति २०८१/०६/२३ को लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपरको कारबाही सम्वन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(प्रकाश पन्थी)
शाखा अधिकृत

बोधार्थ:
श्री महालेखापरीक्षकको कार्यालय, काठमाण्डौ।
श्री सूचना प्रविधि शाखाः- Website मा Upload गरिदिनुहुन ।

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, अनामनगर, काठमाडौं, नेपाल
Babarmahal / Anamnagar, Kathmandu, Nepal


प.स.- २०८१/८२
च.न. २२

मिति: २०८१।०६।२३

श्रीमान् सचिवज्यू,
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाण्डौ।

विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपरको कारवाही सम्बन्धी सूचना ।

महोदय,

आर्थिक वर्ष २०८०।८१ को लेखापरीक्षणको सन्दर्भमा यस कार्यालयले अपनाउने लेखापरीक्षण नीति तथा लेखापरीक्षणको कार्यतालिका समेटिएको वार्षिक लेखापरीक्षण योजना, २०८१ तहाँ प्राप्त भईसकेकै छ । सो बमोजिम २०८१ श्रावण अन्तिम हप्ता देखि असोज तेस्रो हप्तासम्म ४१ जिल्लाका स्थानीय तहहरुको लेखापरीक्षण गर्न खटिएका टोलीबाट सम्वन्धित स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी भई रहेको छ । प्रारम्भिक प्रतिवेदनमा औंल्याईएका बेरुजुका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७ बमोजिम पैतीस दिन भित्र सम्वन्धित कार्यालयले तोकिए बमोजिम बेरूजु फस्यौंट गरी सम्परीक्षणको लागि पेश गर्नुपर्ने व्यवस्था छ। उल्लिखित बेरुजु सम्परीक्षणको लागि यस कार्यालयले प्रयोगमा ल्याएको नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) मार्फत तोकिएको समय भित्रै कार्यान्वयन गर्ने सम्बन्धमा तहाँबाट तपसिल बमोजिमका जिल्लामा रहेका स्थानीय तहहरुलाई जानकारी गराई कार्यान्वयनको लागि सम्बन्धित स्थानीय तहहरुलाई आवश्यक निर्देशन तथा सहजीकरण हुनका लागि अनुरोध छ।साथै,समय भित्र फस्यौंट हुन नसकेका व्यहोराहरू प्रचलित कानून बमोजिम अन्तिम प्रतिवेदनमा समावेश गरिने व्यहोरा जानकारीको लागि निर्देशनानुसार अनुरोध गरिन्छ।

विन्दु विष्ट
उपमहालेखापरीक्षक

लेखापरीक्षण सञ्चालन भइरहेका जिल्लाहरु

अछाम, अर्घाखाँची, ओखलढुङ्गा, कालिकोट, खोटाङ, गुल्मी, जाजरकोट, जुम्ला, डोल्पा, ताप्लेजुङ, तेह्रथुम, दार्चुला, धादिङ, पाँचथर, प्यूठान, बझाङ,बाजुरा,बैतडी, भोजपुर, मनाङ, मुगु, मुस्ताङ, म्याग्दी, रसुवा, (रुकुम) पश्चिम भाग(, रुकुम) पूर्वी भाग, रोल्पा, लमजुङ, संखुवासभा, सिन्धुपाल्चोक, महोत्तरी, सर्लाही, सोलुखुम्बु, पर्वत, हुम्ला, डडेलधुरा, बर्दिया, स्याङ्जा, नुवाकोट, धनकुटा र रामेछाप ।


Phone: 01-5919161, 5919163, Post Box: 13328
Email: dir.admin@oagnep.gov.np, oagnep@ntc.net.np, Web Page: www.oag.gov.np

"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"